# फलेवास नगरपालिका

## तेस्रो नगरसभामा प्रस्तुत

### आर्थिक वर्ष २०७५।०७६ को

# प्रस्तावित वजेट तथा कार्यक्रम

सभाध्यक्ष महोदय,

१. सर्वप्रथम म यो सम्मानित सभामा सदियौं देखि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको अवधिमा जनतको हक, अधिकार, समृद्धी र खुसीका लागि आफ्नो ज्यानको आहुति दिने संपूर्ण ज्ञात अज्ञात सहिदहरुको स्मरण गर्दै भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछु । वास्तविक सार्वभौमसत्ता संपन्न नेपाली नागरिकको प्रत्याभूत गर्न लामो समयदेखि विभिन्न कालखण्डमा विभिन्न विद्रोह, जनआन्दोलन, जनयुद्ध , मधेस आन्दोलन मार्फत हजारौ नागरिकको वलिदानी रहेको स्मरण गर्दै प्राप्त उपब्धीको संवद्र्धन, प्रर्वद्धन र उपयोगको दिशामा अगाडी वढन हामी सवैलाई प्रेरणा मिलोस् , कामना गर्दछु ।

२. नागरिकको साथ सँगै विकास भन्ने अवधारणाको शुरुवात भएको छ । नागरिकले आफ्नो नजिकको सरकार मार्फत सार्वभौम अधिकारको उपयोग गरिरहेका छन् । नागरिकका वास्तविक आवश्यकताको पहिचान गरी तिनीहरुलाई संवोधन गर्न नगरकार्यपालिका क्रियाशील छ । मागमा आधारित कार्यक्रमको कार्यान्वयनवाट विकासमा नागरिकको अपनत्व र स्वामित्व स्थापना हुन्छ । विकासमा दीगोपना आउँछ, विकासमा जनसहभागिता अभिवृद्धी हुन्छ । सवै नागरिकहरुको साथ, समर्थन र सहयोग मार्फत फलेवास नगरकार्यपालिकाको आगामी आर्थिक वर्ष २०७५।०७६ को प्रस्तावित वजेट तथा कार्यक्रम यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न पाँउदा मलाई खुसी लागेको छ ।

३. अव म गत वर्षको यथार्थ आय व्ययको समीक्षा प्रस्तुत गर्दछु ।

**आम्दानी तर्फ**

आ.व. ०७३÷०७४ मा २०७३ चैत्र १८ देखि २०७४ असार मसान्त सम्म मात्र यस नगरपालिकाबाट आर्थिक कारोवार भएकोमा साविक गाउँ विकास समितिको साविक जिम्मेवारी ९३ लाख ८ हजार २ सय १६ रुपैया ९६ पैसा रहेको थियो । सोही वर्षको आम्दानी ४ करोड ३७ लाख ९६ हजार ५ सय ६० रुपैया ८५ पैसा गरी जम्मा आम्दानी ५ करोड ३१ लाख ८२ हजार ७ सय ७७ रुपैया ८१ पैसा भएको छ । जुन आम्दानी नगरकार्यपालिकालाई प्राप्त रु. १ करोड समेत हो ।

**खर्च तर्फ**

साविक गाउँ विकास समिति (१–११ वडा) को २०७४ असार मसान्त सम्मको खर्च र यस नगरकार्यपालिकाको कार्यालयको ०७४ असार मसान्त सम्मको खर्च ४ करोड ७२ लाख ४० हजार ८ सय ८१ रुपैया भई मौज्दात रहेको नगरकार्यपालिकाको लागि प्राप्त १ करोड रुपैया मध्ये ५४ लाख १५ हजार

४ सय १ र साविक गाउँ विकास समिति (१–११ वडाको) को ५लाख २६ हजार ४ सय ९५ रुपैया गरी जम्मा ४९ लाख ४१ हजार ८ सय ९६ रुपैया ५९ पैसा चालु आ.व. ०७४÷७५ मा सारिएको छ, जुन गत वर्षको बाँकी मौज्दात अनुमान रु. ७६ लाख भन्दा १८ लाख ५८ हजार १ सय४ रुपैयाले कम भएको छ ।

**लेखापरीक्षण प्रतिवेदन**

आ.व. ०७३।०७४ को आर्थिक श्रेस्ता को.ले.नि.का.बाट आन्तरिक लेखा परिक्षण एवं म.ले.प. कार्यालयबाट लेखा परिक्षण भई प्रतिवेदन समेत प्राप्त भएको छ । केही पेश्की बेरुजु देखिएकोमा बेरुजु फर्छ्यौटको लागि पत्राचार समेत भएको छ भने प्रारम्भिक बेरुजुको प्रतिक्रिया समेत समयमा नै पठाई सकिएको छ । पठाउनु पर्ने आर्थिक विवरणहरु सम्वन्धित निकायमा पठाई सकिएको छ ।

**चालु आ.व. ०७४।०७५ को जम्मा वार्षिक बजेट**

| | |
|---|---|
| वित्तिय समानिकरण तर्फ | १६ करोड ५० लाख ५४ हजार |
| ससर्त चालु अनुदान | १८ करोड४१ लाख ९६ हजार |
| आन्तरिक राजश्वबाट | १ करोड २० लाख |
| राजश्व बाँडफाँडबाट | १० लाख |
| गत वर्षको मौज्दात | ७६ लाख |
| अन्तर स्थानीय तहबाट प्राप्त | १० लाख |
| जनसहभागिता | ५० लाख |
| जम्मा | ३७ करोड ५८ लाख ५० हजार |

<u>०७४ पौष मसान्त सम्मको यथार्थ आर्थिक स्थिति</u>

- उल्लेखित बजेट अनुमान गरिएकोमा चालु आ.व.को दोश्रो चौमासिक २०७४ पौष मसान्त सम्म वित्तिय समानिकरण र ससर्त अनुदान ६६ प्रतिशत निकासा भैसकेको छ र बाँकी तेश्रो चौमासिकमा निकाशा हुने निश्चित छ ।

- त्यसैगरी आन्तरिक राजश्व तर्फ  १ करोड २० बीस लाख अनुमान गरिएकोमा २०७४ पौष मसान्त सम्म जम्मा ३ लाख ३० हजार ५ सय ४२ रुपैया मात्र संकलन भएको छ । जुन लक्ष्य भन्दा ज्यादै न्यून हो । चालु आ.व. मा एकिकृत सम्पत्ति कर लगाउने भनी बजेट समेत विनियोजन भएको र सो सम्वन्धि  कार्य प्रक्रिया अगाडी बढेको भएपनि यस वर्ष अपेक्षित रुपमा राजश्व उठ्ने संभावना भने न्यून देखिन्छ ।
- गत वर्षको मौज्दात ७६ लाख अनुमान गरिएकोमा जम्मा ५९ लाख ६१ हजार ८ सय ९६ रुपैया मात्र बाँकी रही सोही रकम चालु वर्षको वजेटमा समावेश भएको छ ।
- राजश्व बाँडफाँडबाट प्राप्त हुनु पर्ने १० लाख रुपैया र अन्तर स्थानीय तहबाट प्राप्त हुनु पर्ने राजश्व प्रदेश सभा गठन नभएको कारणबाट प्राप्त हुन नसकेको ६% आगामी आ.व.को राजश्व बाँडफाँडको सिलिङ प्राप्त भएको व्यहोरा सम्मनित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।
- जनसहभागिता, विकास निर्माण र पूर्वाधार विकास कार्यमा ५ देखि २० प्रतिशत सम्म जनश्रमदान गर्ने नगरकार्यपालिकाको निर्णय भए अनुसार कार्य भैरहेको छ ।
- चालु आर्थिक वर्षको दोश्रो चौमासिक २०७५ पौष मसान्त सम्मको वित्तिय समानीकरण तर्फ यथार्थ खर्च २ करोड १ लाख ५३ हजार २ सय ५७ रुपैया भएकोमा पूँजीगत खर्च भन्दा चालु खर्च बढी भएको छ । सामाजिक सुरक्षा भत्ता आ.व. ०७४।०७५ को प्रथम र दोस्रो चौमासिक वितरण भैसकेको छ भने तेश्रो चौमासिक निश्चित समयमा वितरण गरिने छ जसको लागि बजेट केन्द्रबाट प्राप्त भैसकेको छ ।
- यसैगरी सशर्त चालु अनुदान तर्फ २०७४ पौष मसान्त सम्म ७ करोड ९० लाख २६ हजार ५ सय ४ रुपैया खर्च भै कुल बजेटको लगभग ४३ प्रतिशत खर्च भएको छ ।
- चालु आ.व.को संशोधित अनुमानित बजेट मिति २०७५ जेठ २४ गते बसेको दोश्रो नगरसभामा पेश भई पारीत समेत भैसकेको हुँदा संशोधित बजेट यस सभामा पेश नगरेको व्यहोरा स्मरण गराउँदछु ।

<u>आगामी आर्थिक वर्षको वजेटको सोच तथा लक्ष्य</u>

४. दीगो, समन्यायीक, समावेशी विकास मार्फत लोकतान्त्रिक समाजवाद उन्मुख र सुसंस्कृत नगरको निर्माण गर्ने वजेटको सोच रहेको छ ।

५. सुखी, खुसी तथा आफ्नो अधिकार प्रति सचेत र आफ्नो कर्तव्य प्रति जागरुक नागरिक मार्फत नगरको सर्वाङ्गीण विकास गर्नु वजेटको लक्ष्य रहेको छ ।

६. कल्याणकारी कार्यक्रम मार्फत सामाजिक समावेशीकरण, विकासमा सवै नागरिकको मूलप्रवाहीकरण, सामाजिक न्याय सहितको अर्थिक समृद्धी, उपलब्ध साधन स्रोत र अवसरको न्यायोचित वितरण, दीगो विकासमा आधारित पूर्वाधार निर्माण, विकासमा सवै साझेदारहरु सँग सहकार्य, समन्वय तथा सहयात्रा, सवै क्षेत्रमा सुशासनको प्रत्याभूति गर्ने दिशामा वजेट केन्द्रीत रहेको छ ।

**<u>सभाध्यक्ष महोदय,</u>**

७. नेपाल पक्ष राष्ट् भएर अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिवद्धता तथा अभिसन्धीहरु, दीगो विकास लक्ष्य, विकासशील मुलुकमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य,नेपालको संविधानमा निर्दिष्ट मौलिक हक तथा नागरिक कर्तव्य, संविधानले विन्यास गरेको स्थानीय सरकारको अधिकार क्षेत्र, नेपालको चौधौ योजनाले तोकेका प्राथमिकताहरु,स्थानीय सरकार संचालन ऐन, २०७४ , आगामी आर्थिक वर्षका लागि संघीय सरकारको नीति तथा कार्यक्रम ,संघीय सरकारको कार्यक्रम तथा वजेट, प्रदेश सरकारको नीति तथा कार्यक्रम , प्रदेश सरकारको कार्यक्रम तथा वजेट, नेपाल सरकारले प्रकाशन गरेको वजेट तर्जुमा दिग्दर्शन लगायत स्थानीय नागरिकको माग, चाहना तथा आवश्यकता, विज्ञहरुको सुझाव, स्थानीय सरकारमा भएको साधन स्रोतको उपलब्धता तथा यस नगरकार्यपालिकाको आ.व. २०७५।०७६ को पारित नीति तथा कार्यक्रमलाई प्रमुख आधार मानी यो वजेट निर्माण गरेको छु ।

८. फलेवास नगरपालिकाको सर्वाङ्गीण विकासका लागि विविध चुनौतिहरु रहेको पाइन्छ । फलेवास नगरपालिकाका विद्यमान चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छु ।

- कठीन भौगोलिक अवस्था र छरिएको वस्ती
- भौर्गभिक अध्ययन अनुसार जोखिमपूर्ण स्थान
- उत्पादनशील जनशक्तिको पलायन
- भौतिक पूर्वाधारको न्यूनता
- वजेट कार्यान्वयन क्षमतामा वृद्धी तथा सार्वजनिक निर्माण कार्यमा उत्तरदायित्व प्रवद्र्धन
- सवै शासकीय साझेदारहरुको सामाजिक उत्तरदायित्व सिर्जना
- समग्र शासन प्रकृयामा सुशासन कायम गरी पूर्ण नागरिक सन्तुष्टि प्रदान

९. प्रस्तुत चुनौतिहरुको वावजुत पनि निम्न सवल पक्षहरुको विद्यमानताले यी चुनौतिहरुको न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

- सुसुप्त अवस्थामा रहेको प्रयाप्त प्रकृतिक स्रोत साधनको विद्यमानता
- विकास प्रति नागरिकको सकरात्मक सोच , धारणा तथा मान्यता
- गुरुयोजनाको निर्माण पश्चात योजनावद्ध नगर विकासको संभावना खुला
- भौगोलिक, साँस्कृतिक एवं जैविक विविधताको अनुपम संगम
- रेमिट्यान्स पर्याप्त भित्रिने भएकोले नगरको सर्वाङ्गीण विकासमा उपयोग
- वैदेशिक रोजगारवाट प्राप्त नविनतम ज्ञान, सीप, प्रविधि तथा प्रवृत्तिको समाज विकासमा उपयोग,
- सामाजिक ऐक्यवद्धता, भाइचारा एवं सद्भाव

१०. आर्थिक वर्ष २०७५।०७६ का वजेटका उद्धेश्यहरु निम्नानुसार छन् ः

- समावेशी, समन्यायीक, तथा नागरिक केन्द्रीत विकास मार्फत नागरिक खुसी तथा सुखीपनको सिर्जना
- लक्षित कार्यक्रम ,पूर्वाधार विकास तथा सामाजिक विकास मार्फत दीगो रुपमा गरिवी निवारण
- लुप्त अवस्थामा रहेका प्राकृतिक स्रोत साधन, मानवीय संभावना तथा सामाजिक पूंजीको पहिचान, विकास तथा नगरको सर्वाङ्गीण विकासमा उपयोग
- प्राप्त रेमिट्यान्सको उत्पादनशील क्षेत्रमा उपयोग
- सुरक्षित, गुणस्तरीय तथा नागरिकमैत्री सुन्दर फलेवास नगरको निर्माण
- सेवाग्राहीमैत्री सेवा वितरण प्रणालीको स्थापना र मुस्कान सँगै सेवा मार्फत शासकीय प्रणालीमा सुशासन कायम

११. प्रस्तुत गरिएका उद्धेश्यहरुको व्यवहारिक रुपान्तरणका लागि वजेटका निम्न प्राथमिकताहरु निर्धारण गरेको छु :

- शिक्षा, स्वास्थ्य लगायत समग्र सामाजिक समावेशीकरण र लैंगिक समामनता जस्ता क्षेत्रको पूर्वाधार विकास
- सडक, खानेपानी, सिंचाई जलविद्युत जस्ता प्रमुख पूर्वाधार क्षेत्रको विकास
- कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण, यान्त्रिकरण र व्यावसायिकीकरण
- नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति{
- पर्यटन तथा साँस्कृतिक पूर्वाधारको विकास तथा प्राकृतिक स्रोतसाधनको महत्तम र दिगो उपयोग तथा वातावरण संरक्षण र विपद् व्वयस्थापनमा शिघ्र सम्वोधन,
- स्थानीय सरकारको शासन व्यवस्थापनमा सुशासनको प्रत्याभूति
- वजेट कार्यान्वयनको क्षमता अभिवृद्धी,

<u>सभाध्यक्ष महोदय,</u>

१२. अव म नगरका प्रस्तुत चुनौति, उद्धेश्य र प्राथमिकताको आधारमा रहेर कृषि, पर्यटन पूर्वाधार र रोजगार : सुन्दर फलेवास समृद्धीको आधार भन्ने नारालाई व्यवहारिक रुपान्तरण गर्ने फलेवास नगरकार्यपालिकाको अर्थिक वर्ष २०७५।०७६ को वजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

<u>भौतिक पूर्वाधार विकास</u>

१३. चालु आर्थिक वर्षमा निर्माणाधिन सडकहरुको निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ । प्रदेश नं ५ र कर्णाली प्रदेश सँग सहज आवागमन स्थापना गरी यस क्षेत्रको आर्थिक समृद्धी , सामाजिक तथा साँस्कृतिक संजालिकरणमा महत्वपूर्ण भूमिका राख्ने नगरको भित्रि चक्रपथको रुपमा निर्माणाधिन देविस्थान, शंकरपोखरी, थापाठाना, कार्कीनेटा ,भगाँरा ,ठानामौला,

लिमीठाना, खानीगाँउ सडक खण्डको निर्माण तथा स्तरोन्नतिका लागि प्रदेश सरकारको समेत साझेदारी हुने गरी रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

१४. फलेवास नगरपालिकाको पहिलो नगरसभाले परिकल्पना गरेको वाहिरी चक्रपथ भुजेलस्वाँरा , पतेयार, मुडिकुवा,कुर्घा , श्रीकाङ्ग, अम्डी,पाङराङ, कुर्घा डाँडा , सलिनधारा,वेतेहानी, थापाठाना सडक खण्डको निर्माण तथा स्तरोन्नतिका लागि रु ६० लाख विनियोजन गरेको छु । यसवाट नगरका दुर्गम स्थानमा रहेका नगरवासीहरुलाई नगर केन्द्र तथा अन्य क्षेत्रमा यातायातको सुविधामा पुग्नेछ ।

१५. फलेवास नगरपालिकाको भित्रि भागमा रहेको समथर भूभागलाई यातायातमा संजालीकरण गर्न केन्द्र चक्रपथ खौला, चन्दनी, ढिक, राहाले,मुडिकुवा, झकलक, हुँदै पुन खौला जोडने सडक स्तरोन्नतिका लागि रु ३० लाख छुट्टाएको छु ।

१६. नगरका विभिन्न भागहरुमा सहज , सुरक्षित तथा गुणस्तरीय यातायातको विकास तथा विस्तार गर्ने हाम्रो नीति अनुसार चालु आर्थिक वर्षमा निर्माण भै रहेका सडक तातोपानी, रुग्दी,चुचनदेउराली सडक, सिरकाङ, पाङराङ ,सुलिकोट सडक, लिमिठाना , अर्चले , सिरुवारी,थापाठाना सडक, कुर्घा, फल्ला, ठुलास्वाँरा हुँदै वाहिरी चक्रपथ जोडने सडकहरुको निर्माण तथा स्तरवृद्धीका लागि रु ४५ लाख विनियोजन गरेको छु । साथै नगरभित्रका वडास्तरीय सडकहरुको मर्मत, निर्माण तथा स्तरोन्नतिका लागि ६५ लाख विनियोजन गरेको छु ।

१७. नगरमा रहेका काठका पोललाई फलामे पोलवाट विस्थापन गर्ने एवं विद्युतका अन्य सामग्री व्यवस्थापन गरी विद्युतको सहज आपूर्तिका लागि रु ३० लाख विनियोजन गरी निरन्तरता दिएको छु । विद्युतिकरणको विकासले अन्य पूर्वाधार तथा विकासका आयामहरुको प्रवर्द्धनमा समेत प्रमुख भूमिका खेल्नेछ ।

१८. नगरभित्र स्वच्छ एवं गुणस्तरीय खानेपानीको सहज आपूर्तिका लागि एक घर एक धारा कार्यक्रम संचालन गर्न लिफ्ट तथा पाइप लाइन मार्फत आयोजना कार्यान्वयन गरिनेछ । यसका लागि रु ३५ लाख छुट्टाएको छु ।

१९. नगर क्षेत्रमा रहेको कृषि योग्य भूमीमा सिंचाइ सुविधा उपलब्ध गराउन रु ३० लाख विनियोजन गरेको छु । यसवाट कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धी भई फलेवास नगर कृषि उत्पादनमा आत्म निर्भर हुनेछ ।

२०. गुरुयोजनाले नगर विकासका लागि देखाएको मार्गनिर्देशन अनुसार आगामी आर्थिक वर्षमा नगरपालिकाको केन्द्रको लागि उपयुक्त स्थानको चयन नगर कार्यपालिकाले गर्नेछ । यसको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गर्न रु ४० लाख विनियोजन गरेको छु ।

२१. नगरपालिकामा योजनावद्ध वस्ती विकास गरी सुन्दर नगरको स्थापना गर्न एकीकृत वस्ती विकास कार्यक्रमको शुरुवात गरिनेछ । सफा तथा स्वच्छ नगर हाम्रो दायित्व भन्ने नारालाई साकार

पार्न नगरमा एक फोहोर विसर्जन केन्द्रको स्थापना गरिनेछ । यस कार्यको लागि रु ११ लाख विनियोजन गरेको छु ।

२२. नगरको पूर्वाधार विकासमा साझेदार निकाय तथा संस्थाहरुको खोजी गरिनेछ । कालिगण्डकी वहुउद्धेश्यीय परियोजनाको शुरुवात तथा नगरमा एक पचास शैयाको अस्पताल निर्माणमा जोड दिइनेछ । ठूला परियोजनाहरु कार्यान्वयन गर्न संघ सरकार र प्रदेश सरकार सँग परियोजनागत साझेदारीका लागि समपुरक कोषमा आवश्यक रकम विनियोजन गरेको छु ।

२३. नगरको विविध भौतिक संरचनाहरुको निर्माण र विकास गर्न साथै विविध किसिमका क्षति तथा प्रकोपहरुमा उद्धार गर्न नगरले एक एक्साभेटरको खरिद गर्नेछ । यसका लागि रु १ करोड ४० लाख छुट्टाएको छु ।

२४. शिक्षा क्षेत्रको पूर्वाधार विकासमा नगरकार्यपालिकाले आवश्यक रकम विनियोजन गरेको छ । पर्वत जिल्लाको पहिलो क्याम्पस पर्वत वहुमुखी क्याम्पसको शैक्षिक तथा शैक्षणीक विकासका लागि रु २० लाख छुट्टाएको छु, अन्नपूर्ण वहुमुखी क्याम्पस, कार्कीनेटा तथा शंकरपोखरी वहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धीका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२५. गुणस्तरीय शिक्षा प्रवद्र्धनका विविध क्रियाकलापहरु यसै आर्थिक वर्षमा शुरुवात गरिएको छ । कक्षा १ मा अंग्रजी माध्यमवाट पठनपाठनको शुरुवात गरिएको छ । यसको सवलिकरण र आगामी आर्थिक वर्ष देखि कक्षा २ मा अंग्रजी माध्यमवाट पठनपाठनको शुरुवात गर्न शिक्षकलाई पुनर्ताजगी तालिम, पाठ्यक्रम र पाठ्यपुस्तक व्यवस्थापनका लागि आवश्यक रकम छुट्टाएको छु । विद्यालयहरुमा सोलार, कम्प्युटर, इन्टरनेटको व्यवस्था गरी शिक्षा व्यवस्थापनलाई प्रविधिमैत्री वनाइनेछ । माटेदेवल मा.वि. प्रदान गरिदै आएको प्राविधिक शिक्षाको छात्रवृत्तीलाई निरन्तरता दिएको छु । समग्र शिक्षा क्षेत्रको गुणस्तर सुधार तथा शिक्षामा सवैको पहुँच तथा निरन्तरता अभिवृद्धीका लागि रु ३४ लाख ८० हजार विनियोजन गरेको छु ।

२६. सवै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुंच स्थापनाका लागि नगरमा थप वर्थिंग सेन्टर स्थापना ,महिला स्वास्थ्य स्वंय सेविका प्रोत्साहन,औषधी व्यवस्थापन, खोप केन्द्र स्थापना गर्न , फलेवास नगरपालिकाको मल्याँग्दी खोला क्षेत्रका नगरवासीको स्वास्थ्यमा पहँुचको सुनिश्चितताका लागि भिडावारी क्षेत्रमा एक स्वास्थ्य सेवा केन्द्र स्थापना गरिने छ । नगरमा स्वास्थ्य विशेषज्ञ सेवा संचालन गर्न वजेट विनियोजन गरेको छु ।

२७. आगामि आर्थिक वर्षमा अन्तरपालिका स्तरीय मेयरकप फुटवल प्रतियोगिता सञ्चालन गरिनेछ । नगर क्षेत्रमा खेलकुद मैदानको निर्माण तथा यस आ.व.मा क्रमागत रहेका खेलमैदानको निर्माण सम्पन्न गरिनेछ । खेलाडीहरुको प्रोत्साहन र नगर क्षेत्रमा सक्रिय युवा क्लव तथा विद्यालयहरुमा खेलकुद सामाग्री व्यवस्थापनमा सहयोग गरिनेछ । नगरको खेल क्षेत्रलाई व्यवस्थित गर्न नगर खेलकुद विकास समितिको गठन गरिनेछ । खेलकुद तथा मनोरञ्जनका लागि रु २० लाख वजेट विनियोजन गरेको छु ।

२८.  नगरको संपदाका रुपमा रहेका कोत, मठमन्दिर, भेषभुषा, लोक संस्कृतिको संरक्षण , संवद्र्धन र विकासका लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

२९. स्वच्छ नगर : स्वस्थ्य नागरिक अभियान संचालन गरी पूर्ण सरसफाई नगर घोषण गर्ने लक्षलाई आगामी तीन वर्ष भित्र पुरा गर्न आगामी आर्थिक वर्षको लागि रु ११ लाख छुट्टाएको छु ।

३०.  एक वडा एक महिला उद्योग स्थापना गर्ने, वालवालिका तथा जेष्ठ नागरिकको हक हित संरक्षण गर्ने, लैङ्गीक समानता तथा सामाजिक समावेशिकरणको प्रवद्र्धन गर्न रु २५ लाख विनियोजन गरेको छु ।

३१.  स्थानीय गैससहरुको क्षमता विकास तथा नगरमा गैसस महासंघको समन्वयमा गैसस डेस्क स्थापना, नगर विकासका आयामहरुमा सहकार्य स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

३२.  एक वडा एक कृषि फार्म, एक वस्ती एक उत्पादन, कृषि उपजको वजार व्यवस्थापन गरी कृषिको व्यावसायिकरण गर्न रु ६५ लाख विनियोजन गरेको छु ।

३३.  दुग्धजन्य पदार्थ तथा मासुमा नगरलाई आत्म निर्भर वनाउन एक वडा एक पशु फार्म, मासु पसलहरुको व्यवस्थापन, पशु स्वास्थ्य सेवाको विस्तारका लागि रु ४० लाख विनियोजन गरेको छु ।

३४.  नगरमा नै दीगो रोजगारीको अवसर सिर्जना गर्न यस आर्थिक वर्षमा शुरु गरिएको विविध ११ विधाका १२५ जना उद्यमी सिर्जना गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । एक वडा एक घरेलु औजार भाँडा निर्माण उद्योग स्थापना गरी स्वरोजगार एवं आर्थिक विकास गर्ने कार्यक्रमका लागि रु १८ लाख विनियोजन गरेको छु ।

३५.  नगरमा संचालित सहकारीहरुको दर्ता, नियमन र व्यवस्थापन गरी सहकारीलाई नगर विकासको एक अङ्गको रुपमा विकास गर्न क्षमता विकास तालिम तथा सामग्री सहयोग तथा सहकारी मार्फत कृषि उपजको वजारीकरणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३६.  फलेवासको पर्यटन प्रवद्र्धन गरी यसलाई नगर विकासमा समाहित गर्न मनमोहन शान्ति वाटिका, डहरे देउराली, खुला चिडियाखाना , होमस्टे पर्यटकीय तथा ऐतिहासिक मठमन्दिर तथा क्षेत्रको निर्माण, स्थापना, प्रचार प्रसारका लागि रु ३४ लाख ५० हजार छुट्टाएको छु ।

३७.  विभिन्न जोखिमपूर्ण अवस्थामा जोखिम तथा विपद्वाट उद्धार तथा राहतका लागि विपद् व्यवस्थापन कोषमा रु ३० लाख पुग्ने गरी रकम विनियोजन गरेको छु । नदी कटान, जल उत्पन्न प्रकोप तथा भुक्षय नियन्त्रण, मुल तथा मुहान संरक्षण, एक वडा एक चौतारी पोखरी , विपद्को पूर्व तयारी, वाँदर नियन्त्रणको कार्यक्रम संचालन गर्न रु २८ लाख विनियोजन गरेको छु ।

३८.  सेवा प्रवाहलाई चुस्त ,दुरुस्त, मितव्ययी तथा नागरिकमैत्री वनाउन नगर कार्यपालिकाको कार्यालय तथा वडाहरुमा विद्युतिय संजालिकरण गर्ने, वडा भवनहरुको मर्मत जस्ता संस्थागत विकासका कार्यक्रमहरुको लागि रु ६९ लाख ५० हजार विनियोजन गरेको छु ।

३९.	नगरका समग्र गतिविधिहरुमा सुशासन प्रवद्र्धनका लागि नगरको वुलेटिन प्रकाशन, सार्वजनिक सुनुवाई, नागरिक वडापत्रको व्यवस्था, लैङ्गीक परीक्षण, सामाजिक परीक्षण, सेवाग्राहीको गुनासो व्यवस्थापन तथा संचार माध्यमको सवलिकरण ,भिडियो डकुमेन्टरी निर्माण जस्ता कार्य संपादनका लागि रु १५ लाख ८० हजार रकमको व्यवस्था गरेको छु ।

४०.	नगरमा नै न्याय संपादन गर्न न्याय समितिको गठन भै सकेकोछ । न्याय समितिको कार्य व्यवस्थापन शुरुवात गरिनेछ । न्याय समितिको कार्य व्यवस्थापनका लागि रु १२ लाखको व्यवस्था गरेको छु ।

४१.	कर प्रणलीलाई व्यवस्थित गर्न निम्न कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- टोल टोलमा करदाता शिक्षा कार्यmक्रम र अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- राजस्व चुहावट नियन्त्रणका राजस्वलाई वैंकिंग प्रणाली र सफ्टवेयर मार्फत व्यवस्थित गरिनेछ ।
- नगरपालिकाको राजस्वमा विभिन्न शिर्षकहरुवाट १ करोड ४३ लाख हजार ३ सय ५० उठ्ने अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

४२.	प्रस्तुत गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्न निम्नानुसारको वित्तिय ब्यवस्था गरेको छु ।

**क. आय तर्फः**

- नगरपालिकाको आन्तरिक आम्दान्ी रु १ करोड ४३ लाख १३ हजार ३५०
- संघीय सरकारवाट प्राप्त वित्तिय समानीकरण ८ करोड ८३ लाख ५६ हजार,
- संघीय सरकारवाट सशर्त अनुदान ः २६ करोड ८७ लाख ५६ हजार,
- संघीय सरकारवाट राजस्व वांडफांडवाट प्राप्तः ५ करोड ८७ लाख ८ हजार,
- प्रदेशवाट प्राप्त वित्तिय समानीकरण ःः१ करोड १४ लाख ७३ हजार
- प्रदेशको राजस्व वांडफांडवाट प्राप्त ःः ३० लाख ८९ हजार,
- ऋण प्राप्ती : ७० लाख रुपैया,
- स्थानीय जनश्रम तथा जनसहभागिता : ६० लाख,
- अ.ल्या. वाट : १ करोड

गरी कुल आय ४६ करोड ७६ लाख ९५ हजार अनुमान गरेको छु ।

**ख. व्यय तर्फ**:

- चालु एवं साधारण खर्च : ३३ करोड ५ लाख ५१ हजार
- पूंजीगत एवं विकास खर्च : १३ करोड ७१ लाख ४४ हजार,

**उल्लिखित खर्च मध्ये क्षेत्रगत रुपमा** :

- सामाजिक विकास तर्फ ः १ करोड ५६ लाख ८४ हजार
- पूर्वाधार विकास तर्फ ः ७ करोड ९८ लाख
- आर्थिक विकास तर्फः १ करोड ६० लाख,
- वातावरण तथा विपद् व्यवस्थापन तर्फः ६३ लाख,
- संस्थागत विकास तर्फ ः ९३ लाख,
- सामान्य सेवा सञ्चालन अन्य तर्फ ः ६ करोड १७ लाख ९५ हजार गरी कुल खर्च प्रस्ताव गरेको छु ।
- सशर्त अनुदानको रुपमा संघ सरकारवाट प्राप्त रु २६ करोड ८७ लाख ५६ हजार तोकिएका शिर्षकहरुमा खर्च गर्ने गरी प्रस्ताव गरेको छु ।
- गत वर्षको भुक्तानी दिन वाँकी योजना तथा कार्यक्रमहरुलाई रु १ करोड विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

४३. वजेट तथा कार्यक्रमको प्रभावकारी र दीगो कार्यान्वयन मार्फत भौतिक पूर्वाधारको विकासले नगरपालिका भरी सडक संजालको विस्तार हुनेछ । हाल निर्माणाधिन सडकहरुको स्तरोन्नतीले सुरक्षित तथा गुणस्तरीय सडकमा सवै नागरिकको पहुँच वृद्धि हुनेछ । प्रदेश राजधानी लगायत अन्य प्रदेशहरु सँग समेत सडक संजालको विस्तारले यातायात सुविधा विस्तार मात्र हुने नभई नगरको अर्थिक , सामाजिक तथा साँस्कृतिक विकासमा अमुल्य योगदान गर्नेछ । हाम्रो लक्ष्यको **Land Linked City** को रुपमा नगरको विकास गर्न सहयोग पुग्नेछ ।

४४. कालिगण्डकी बहुउद्धेश्यीय परियोजनाको निर्माणले समग्र नगरवासीको जीवनस्तरमा अकल्पनिय सुधारको शुरुवात गर्नेछ । भावी पुस्ताहरुको सपनालाई समेत साकार पार्न यो परियोजना सफल हुनेछ । गुणस्तरीय शिक्षामा सवैको पहुँच हुनेछ । वन, पर्यटन, उद्योग, जलविद्युत, कृषि तथा पशुपालनको व्यावसायिकरण तथा औद्योगिकीकरण मार्फत नगरमा नै स्वरोजगारी तथा रोजगारीको सिर्जना गरी स्वाधिन तथा आत्मनिर्भर नगर स्थापना हुनेछ । युवाहरुको विदेश पलायनलाई निरुत्साहित गर्नेछ ।

अन्त्यमा,

वजेट तथा कार्यक्रमले सवैलाई समेटेको विश्वास लिएको छु । यस वजेटमा सवैको साथ रहेको छ भने यसको सफल कार्यान्वयनवाट नगरको सर्वाङ्गीण विकासमा कोशेढुङ्गा सावित हुनेछ । यथार्थ धरातलमा उभिएर वजेट तथा कार्यक्रमको निर्माण गर्ने प्रयास गरिएको छ । यसको सफल कार्यान्वयनका लागि सवै सरोकारवालाहरुको साथ, समर्थन तथा सहयोगले सुखद् परिणाम ल्याउनेछ । तसर्थ यसको प्रभावकारी कार्यान्वयनका लागि सवै नगरवासी आमावुवा, दिदीवहिनी तथा दाजुभाई

र अन्य सरोकारवालाहरुसँग फलेवास नगरकार्यपालिका सकरात्मक दवाव तथा वातावरणको अपेक्षा गर्दछ ।

फलेवास र फलेवासीको जय होस् । धन्यवाद ।

# अनुसूचि १

## आय व्ययको विवरण
## आ.व.०७५।७६

रु .हजारमा

| शीर्षक | गतआव२०७३।७४कोयथार्थ | चालुआ.व.२०७४।७५कोसंशोधितअनुमान | आ.व.२०७५।७६कोअनुमान |
|---|---|---|---|
| आयः | | ३७५८५० | ४५९४६० |
| राजस्वः | | २०६०० | ८१८७५ |
| आन्तरिकराजस्व | | १२००० | १००७८ |
| राजस्वबाँडफाँडबाटप्राप्तरकम | | १००० | ६१७९७ |
| अन्यआय गतके वाकी | | ७६०० | १०००० |
| अन्तरसरकारीवित्तीयहस्तान्तरण | | ३५०२५० | ३६८५८५ |
| नेपालसरकारबाटप्राप्त | ५३१८२ | ३४९२५० | ३५७११२ |
| प्रदेशसरकारबाटप्राप्त | | ० | ११४७३ |
| अन्तरस्थानीयतहबाटप्राप्त | | १००० | ० |
| जनसहभागिताः | | ५००० | २००० |
| नगदसहभागिता | | ० | ० |
| श्रमतथावस्तुगतसहायता | | ५००० | २००० |
| व्ययः | | ३७५८५० | ४४९४६० |
| चालुखर्च | | २२४०५७ | ३३०५५१ |

| | | | |
|---|---|---|---|
| पूँजिगतखर्च | | १५१७९३ | १२८९०९ |
| | | ० | ० |
| बजेटबचत/ (+) न्यून **(-)** | | १०००० | ० |

| | | | |
|---|---|---|---|
| वित्तीय व्यवस्था | | | |
| खुदऋणलगानी | | | |
| ऋणलगानी (−) | | | |
| ऋण लगानीको सावाँ फर्ता प्राप्ती (+) | | | |
| | | | |
| खुदशेयरलगानी | | | |
| शेयरलगानी (−) | | | |
| शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | | | |
| खुदऋणप्राप्ती | | | ७०००० |
| ऋणको साँवा भुक्तानी **(-)** | | | |
| ऋणप्राप्ती (+) | | | ७०००० |
| अन्तिम बजेट बचत **(+)/**न्यून (−) | | | |